# भाग २

श्री ५ को सरकार

## कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र बीर विक्रम शाहदेवबाट जारी गरिबक्सेको तल लेखिएबमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

२०६२ सालको अध्यादेश नं. ३०

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत वीरेन्द्रमाला महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्जवल नेपालतारा परम पवित्र ॐरामपट्ट परम महागौरवमय सुप्रदीप्त वीरेन्द्रप्रजातन्त्रभास्कर परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

## निकासी पैठारी तथा बौद्धिक सम्पत्ति सम्बन्धी केही नेपाल ऐन संशोधन गर्न बनेको अध्यादेश

प्रस्तावना: निकासी पैठारी तथा बौद्धिक सम्पत्ति सम्वन्धी केही नेपाल ऐनलाई तत्काल संशोधन गर्न आवश्यक भएको र हाल संसदको अधिवेशन नभएकोले,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५८५

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ७२ अनुसार यो अध्यादेश जारी गरिबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस अध्यादेशको नाम "निकासी पैठारी तथा बौद्धिक सम्पत्ति सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने अध्यादेश, २०६२" रहेको छ ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ मा संशोधनः निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ को दफा ३ को सट्टा देहायको दफा ३ राखिएको छः-

"३. निकासी पैठारी मनाही वा नियन्त्रण गर्ने श्री ५ को सरकारको अधिकारः (१) देहायको उद्देश्य प्राप्तिको लागि कुनै वस्तुको निकासी वा पैठारीमा मनाही वा नियन्त्रण गर्न आवश्यक छ भन्ने लागेमा श्री ५ को सरकारले सूचित आदेशद्वारा त्यस्तो वस्तुको निकासी वा पैठारीमा शर्त वा निश्चित अवधि तोकी वा नतोकी मनाही गर्न वा पूर्ण वा परिमाणात्मक बन्देज लगाउन सक्नेछः-

(क) सुरक्षा सम्बन्धी राष्ट्रिय हितको संरक्षण गर्न,

(ख) सार्वजनिक सदाचार, शिष्टाचार वा नैतिकता कायम राख्न,

(ग) सुन, चाँदी वा त्यस्तै अन्य धातु वा बहुमुल्य जवाहरातको व्यापारलाई व्यवस्थित गर्न,

(घ) मानव, पशु, पन्छी वा वनस्पति जीवनको स्वास्थ्यमा प्रतिकूल हुने कार्यबाट संरक्षण गर्न,

(ङ) कारागारका थुनुवा वा कैदीहरुको श्रमबाट उत्पादित वस्तुहरुको पैठारी सम्बन्धमा उचित व्यवस्था गर्न,

(च) कलात्मक, ऐतिहासिक वा पुरातात्विक महत्वका राष्ट्रिय सम्पदाको संरक्षण गर्न,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(छ) लोप हुन सक्ने प्राकृतिक स्रोतको (घरेलु उत्पादन वा उपयोग समेतमा बन्देज गरी) संरक्षणको उचित व्यवस्था गर्न,

(ज) प्रतिस्पर्धात्मक क्षमता हुन सक्ने राष्ट्रिय प्रशोधन उद्योगको लागि आवश्यक पर्ने घरेलु कच्चा पदार्थको उपलब्धतालाई सुनिश्चित गर्न,

(झ) स्थानीयस्तरमा न्यून आपूर्ति भएका वस्तुको प्राप्ति तथा वितरणको लागि उचित व्यवस्था गर्न,

(ञ) विदेशी मुद्राको मौज्दातमा हुन सक्ने गम्भीर ह्रासको अवस्थालाई हटाउने वा रोक्ने वा अत्यन्त न्युन अवस्थमा रहेको विदेशी मुद्राको सञ्चितिमा बृद्धि गर्ने गरी मुलुकको बाह्य वित्तीय स्थिति र भुक्तानी सन्तुलनको सुरक्षा गर्न,

(ट) अत्यावश्यक खाद्य सामग्री वा त्यस्तै प्रकारका अन्य उत्पादनको गम्भीर अभाव हुनबाट रोक्न,

(ठ) अन्तर्राष्ट्रिय व्यापारमा उपभोग्य सामग्रीको वर्गीकरण, स्तर निर्धारण वा बजारीकरणका मापदण्ड कायम गर्न,

(ड) अतिकम विकसित मुलुकको लागि वैदेशिक व्यापारमा प्रदान गरिएका छूट वा सहुलियतको उपभोग गर्न,

(ढ) अप्रत्यासित रुपमा ठूलो मात्रामा पैठारी भएका बस्तुबाट त्यस्तै प्रकृतिका वस्तु उत्पादन गर्ने राष्ट्रिय उद्योगलाई पर्न सक्ने गम्भीर प्रतिकूल असरबाट संरक्षण गर्न,

(ण) पेटेण्ट, ट्रेडमार्क, प्रतिलिपि अधिकार, औद्योगिक डिजायन, भौगोलिक पहिचान (जिओग्राफिकल इण्डिकेशन), गोप्य सूचनाको संरक्षण जस्ता बौद्धिक सम्पत्तिको संरक्षण गर्न,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

(त) देशको प्रतिस्पर्धात्मक क्षमता बृद्धि हुने खालका नयाँ शीप वा प्रविधियुक्त उद्योगको प्रवर्द्धन वा संरक्षण गर्न,

(थ) अस्वस्थ वा अनधिकृत व्यापारिक कियाकलापलाई रोक लगाउन वा अस्वस्थ प्रतिस्पर्धा नियन्त्रण गर्न,

(द) संयुक्त राष्ट्र संघ तथा नेपाल पक्ष भएको वहुपक्षीय अन्तर्राष्ट्रिय महासन्धि वा द्विपक्षीय सम्झौता कार्यान्वयन गर्न तथा सोबाट सृजित दायित्व पूरा गर्न ।

(२) श्री ५ को सरकारलाई उपदफा (१) बमोजिम कुनै वस्तुको निकासी वा पैठारीमा लगाएको बन्देज कायम राखिरहनु आवश्यक छैन भन्ने लागेमा जुनसुकै बखत त्यस्तो बन्देज हेरफेर वा परिवर्तन गर्न वा हटाउन सक्नेछ ।"

३. पेटेण्ट, डिजायन र ट्रेडमार्क ऐन, २०२२ मा संशोधनः पेटेण्ट, डिजायन र ट्रेडमार्क ऐन, २०२२ को,-

(१) दफा ३ को,-

(क) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ:-

"(२) यस ऐन बमोजिम कुनै व्यक्तिको नाममा दर्ता भएको पेटेण्ट अरु कसैले नक्कल गर्न वा दफा २१घ. बमोजिम आफ्नो नाममा नामसारी नगराई वा प्रयोगको निमित्त लिखित रुपमा अनुमति नलिई आफ्नो वा अरुको नामबाट प्रयोग गर्न गराउन हुँदैन ।"

(ख) उपदफा (३) झिकिएको छ ।

(२) दफा ९ झिकिएको छ ।

(३) दफा ११ को सट्टा देहायको दफा ११ राखिएको छ:-

"११. दफा ३ को उल्लंघन गरेमा हुने सजायः कसैले देहायको कुनै काम गरेमा विभागको आदेशले कसूरको मात्रा अनुसार देहाय बमोजिमको जरिवाना हुनेछ र सो कसूरसँग सम्बन्धित चिज बस्तु जफत हुनेछ:-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) दफा ३ को उपदफा (२) मा लेखिएको कुनै कसूर गरेमा पाँच लाख रुपैयाँसम्म जरिवाना ।

(ख) दफा ३ को उपदफा (२) मा लेखिएको कुनै काम गर्ने उद्योग गरेमा वा सो काम गर्ने दुरुत्साहन दिएमा खण्ड (क) बमोजिम हुने जरिवानाको आधा जरिवाना ।"

(४) दफा १२ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) यस ऐन बमोजिम कुनै व्यक्तिको नाममा दर्ता भएको डिजायन अरु कसैले नक्कल गर्न वा दफा २१घ. बमोजिम आफ्नो नाममा नामसारी नगराई वा प्रयोगको निमित्त लिखित रुपमा अनुमति नलिई आफ्नो वा अरुको नामबाट प्रयोग गर्न गराउन हुँदैन ।"

(५) दफा १५ मा रहेका "विभागको आदेशले" भन्ने शब्दहरुपछि "कसूरको मात्रा अनुसार" भन्ने शब्दहरु थपी सोही दफामा रहेका "आठ सय रुपैंयाँ" भन्ने शब्दहरुको सट्टा "पचास हजार रुपैंयाँ" भन्ने शब्दहरु राखिएका छन् ।

(६) दफा १६ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) यस ऐन बमोजिम कुनै व्यक्तिको नाममा दर्ता भएको ट्रेडमार्क अरु कसैले नक्कल गर्न वा दफा २१घ. बमोजिम आफ्नो नाममा नामसारी नगराई वा प्रयोगको निमित्त लिखित रुपमा अनुमति नलिई आफ्नो वा अरुको नामबाट प्रयोग गर्न गराउन हुँदैन ।"

(७) दफा १८ को उपदफा (१) मा रहेका "दरखास्त परेमा" भन्ने शब्दहरु पछि "सो ट्रेडमार्कका सम्बन्धमा आवश्यक जाँचबुझ गरी कसैको दावी विरोध भए त्यस्तो दावी विरोध गर्न मनासिब मौका दिई कसैको दावी विरोध पर्न आएमा सो उपर समेत छानविन गरी दर्ता गर्न उपयुक्त ठहरिएमा" भन्ने वाक्यांश थपिएको छ ।

(८) दफा १९ मा रहेका "विभागको आदेशले" भन्ने शब्दहरुपछि "कसूरको मात्रा अनुसार" भन्ने शब्दहरु थपी सोही दफामा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

रहेका "एक हजार रुपैयाँ" भन्ने शब्दहरुको सट्टा "एक लाख रुपैयाँ" भन्ने शब्दहरु राखिएका छन् ।

(९) दफा २१ग. को अन्त्यमा "र त्यस्तो दर्तावालालाई विभागले औद्योगिक सम्पत्तिको संरक्षण गर्ने सम्बन्धमा सन् १८८३ मा सम्पन्न भएको पेरिस महासन्धि अनुसार ग्राह्यता मितिको सहुलियत प्रदान गर्नेछ " भन्ने वाक्यांश थपिएको छ ।

(१०) दफा २१घ. को सट्टा देहायको दफा २१घ. राखिएको छ :-

"२१घ. <u>पेटेण्ट, डिजायन वा ट्रेडमार्कको हक हस्तान्तरण वा प्रयोगको अनुमति सम्बन्धी व्यवस्था:</u> (१) आफ्नो नाममा दर्ता रहेको पेटेण्ट, डिजायन वा ट्रेडमार्क अरु कसैको नाममा हस्तान्तरण गरी दिन वा प्रयोग गर्न पाउने गरी लिखित रुपमा अनुमति दिन हुन्छ ।

(२) उपदफा (१) बमोजिम हस्तान्तरण गर्न वा प्रयोग गर्न दिन चाहेमा तोकिए बमोजिमको दस्तुर सहित त्यस्तो पेटेण्ट, डिजायन वा ट्रेडमार्कवाला र त्यसरी पेटेण्ट, डिजायन वा ट्रेडमार्क हस्तान्तरण गरी लिन वा प्रयोग गर्न चाहने दुवै व्यक्तिले सो कुरा खुलाई संयुक्त रुपमा विभागमा दरखास्त दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम दरखास्त पर्न आएमा विभागले त्यस्तो पेटेण्ट, डिजायन वा ट्रेडमार्क हस्तान्तरण गर्ने वा प्रयोग गर्ने अनुमति दिन सक्नेछ ।

(४) विभागले उपदफा (२) बमोजिम हस्तान्तरण गर्ने अनुमति दिएमा हस्तान्तरण गरी लिने व्यक्तिको नाममा सो पेटेण्ट, डिजायन वा ट्रेडमार्क नामसारी गरिदिनु पर्नेछ ।

(५) विभागले उपदफा (२) बमोजिम प्रयोग गर्ने अनुमति दिएमा सो को व्यहोरा विभागमा रहेको दर्ता किताब र प्रमाणपत्रमा समेत जनाई प्रयोग गर्न अनुमति पाउने व्यक्तिलाई सो को निस्सा दिनु पर्नेछ ।"

(११) दफा २३ झिकिएको छ ।

(१२) दफा २३क. झिकिएको छ ।

...बाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१३) दफा २३ख. को उपदफा (२) मा रहेका "एक सय रुपैयाँ" भन्ने शब्दहरुको सट्टा "एक हजार रुपैयाँ" भन्ने शब्दहरु राखिएका छन् ।

प्रतिलिपि अधिकार ऐन, २०५९ मा संशोधनः प्रतिलिपि अधिकार ऐन, २०५९ को दफा १३ को सट्टा देहायको दफा १३ राखिएको छ :-

"१३. रचना, प्रस्तोता, ध्वनि उत्पादक वा प्रसारण संस्थाको संरक्षणः (१) देहायको रचयिताको रचनालाई यस ऐन बमोजिम संरक्षण प्राप्त हुनेछः-

(क) नेपाल अधिराज्य वा विश्व व्यापार संगठनको सदस्य मुलुकमा बसोबास गर्ने रचयिताबाट रचित नेपाल अधिराज्य वा सोही मुलुकमा प्रकाशन भएको रचना,

(ख) नेपाल अधिराज्य वा विश्व व्यापार संगठनको सदस्य मुलुकमा बसोबास गर्ने उत्पादकबाट उत्पादित श्रव्य दृष्य रचना,

(ग) नेपाल अधिराज्य वा विश्व व्यापार संगठनको सदस्य मुलुकभित्र गरिएको भवनको आर्किटेक्चरल डिजायन वा भवन वा अन्य कुनै संरचनामा प्रयोग गरिएको अन्य कुनै प्रकारको कलात्मक रचना,

(घ) नेपाल अधिराज्य वा विश्व व्यापार संगठनको सदस्य मुलुक बाहेक अन्य मुलुकमा बसोबास भएको रचयिताबाट नेपाल अधिराज्यमा प्रकाशित रचना वा त्यस्तो मुलुकको उत्पादकबाट नेपाल अधिराज्यमा उत्पादित श्रव्य दृष्य रचना ।

(२) देहायको प्रस्तोतालाई यस ऐन बमोजिमको प्रस्तोता सम्बन्धी अधिकार प्राप्त हुनेछ :-

(क) नेपाल अधिराज्य वा विश्व व्यापार संगठनको सदस्य मुलुकको प्रस्तोता,

(ख) नेपाल अधिराज्य वा विश्व व्यापार संगठनको सदस्य मुलुकमा प्रस्तुत गरिएको कुनै प्रस्तुति

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

वा यस ऐन बमोजिम संरक्षण प्राप्त ध्वनि अङ्कनमा प्रयुक्त भएको प्रस्तुती वा ध्वनि अङ्कनमा समाविष्ट नगरेको भए पनि प्रसारणमा समाविष्ट प्रस्तुतिको प्रस्तोता ।

(३) देहायका ध्वनि अङ्कन उत्पादकलाई यस ऐन बमोजिमको ध्वनि अङ्कनको उत्पादक सम्बन्धी अधिकार प्राप्त हुनेछः-

(क) नेपाल अधिराज्य वा विश्व व्यापार संगठनको सदस्य मुलुकका व्यक्तिबाट उत्पादित ध्वनि अङ्कन,

(ख) नेपाल अधिराज्य वा विश्व व्यापार संगठनको सदस्य मुलुकमा प्रकाशन भएको ध्वनि अङ्कन,

(४) देहायका प्रसारण संस्थालाई यस ऐन बमोजिमको प्रसारण संस्था सम्बन्धी अधिकार प्राप्त हुनेछः-

(क) नेपाल अधिराज्य वा विश्व व्यापार संगठनको सदस्य मुलुकमा कार्यालय रहेको प्रसारण संस्थाबाट प्रसारित प्रसारण

(ख) नेपाल अधिराज्य वा विश्व व्यापार संगठनको सदस्य मुलुकमा अवस्थित प्रसारण केन्द्रबाट प्रसारित प्रसारण ।"

लालमोहर सदर मिति २०६२।६।७६

आज्ञाले,
डा. कुलरत्न भुर्तेल
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित। मूल्य: रु ७०।-